लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक ४, २०७४ असोज (Year 1, Issue 4, Sep./Oct. 2017)

व्यवस्थापिका-संसदका सभामुख र महालेखा परीक्षक बीच भेटघाट

२०७४ असोज १, सम्माननीय सभामुख श्री ओनसरी धर्तीमगर र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) बिच व्यवस्थापिकका-संसद सचिवालय, सिंहदरबारमा भेटघाट सम्पन्न भयो ।

उक्त भेटघाटका क्रममा सम्माननीय सभामुखज्यूबाट देशमा वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै प्रचलित कानूनी व्यवस्था अनुसार सार्वजनिक आर्थिक गतिविधि संचालन हुनुपर्ने र व्यवस्थापिका संसद, संवैधानिक निकायका कार्यहरु अन्य निकायका लागि उदाहरणीय हुनुपर्ने कुरामा जोड दिनुभयो ।

सो अवसरमा माननीय महालेखा परीक्षकज्यूले कार्यालयको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण कार्यक्रम, लेखापरीक्षण विधि, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरु लगायतका विषयमा जानकारी गराउनु भएको थियो ।



सम्माननीय सभामुख श्री ओनसरी घर्तिमगर र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल बिच छलफल पश्चात् सामुहिक तस्बिर लिदै

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव सहितको टोलीसँग छलफल

२०७४ असोज ४, माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालसँग जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव डा. श्री विश्वनाथ ओली र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री रामप्रसाद धिताल सहितको टोलीले छलफल गरेको छ । सोही क्रममा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण तथा सोबाट देखिएका व्यहोरा उपर छलफल भयो ।

छलफलका क्रममा महालेखा परीक्षकज्यूले केन्द्रको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय अनुशासन, सेवा प्रवाह लगायत कानुनी र नीतिगत सुधार तथा दातृनिकायसँग हुने सम्झौतामा नेपाल सरकारको अधिकतम् हित हुने गरी कार्य सञ्चालन गर्न निर्देशन दिनुभयो ।

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१.	महालेखा परीक्षक र संयुक्त अधिराज्यका नियन्त्रक एवं महालेखा परीक्षक बीच भेटघाट	३
२.	ACCA इन्टरनेशनल कम्फरेन्समा महालेखा परीक्षकज्यूको सहभागिता	४
३.	संयूक्त अधिराज्य स्थित नेपाली दुतावासको लेखापरीक्षण तथा निरीक्षण	५
४.	Due Consider in Audit (कविता)	५
५.	हरित समूहको १९ औँ बार्षिकोत्सव सम्पन्न	६
६.	खानेपानी तथा सरसफाई मन्त्रालयका सचिवलाई निर्देशन	६
७.	प्रथम चरणमा लेखापरीक्षण सम्पन्न गरेका लेखापरीक्षक टोलीसँग अन्तरक्रिया	७
८.	SAI PMF: A Global Tool to Measure SAI Performance	७
९.	बेलायतको सर्वोच्च लेखापरीक्षण संस्था: नेशनल अडिट अफिस (लेख)	९
१०.	२०७४ असोज महिनामा विभिन्न तालिम तथा वैदेशिक कार्यक्रममा सहभागि कर्मचारीहरु	११

वर्ष १, अंक ४, २०७४ असोज (Year 1, Issue 4, Sep./Oct. 2017)

संरक्षक
माननीय महालेखा परीक्षक
श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार
उप-महालेखा परीक्षक
श्री इश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य
श्री महेश पौड्याल
श्री श्यामप्रसाद भण्डारी
श्री दिपक आचार्य
श्री शंकरबाबु आचार्य
श्री नीलम साह

प्रकाशक
महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

सम्पादकीय .....

महालेखापरीक्षकको कार्यालयको स्वीकृत बार्षिक लेखापरीक्षण योजना, २०७४ अनुसार प्रथम चरण अन्तर्गत १० हिमाली जिल्लाका ४१६ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको गरी जम्मा रु.३२ अर्ब ३७ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

लेखापरीक्षणका क्रममा कार्यालयहरुको आन्तरिक नियन्त्रण र जाँचसँग सम्बन्धित विषयहरु कमजोर रहेको छ । जसका कारण सार्वजनिक कोषको संरक्षण र सेवा प्रवाहमा अपेक्षित नतिजा प्राप्त हुन सकिरहेको छैन भने आन्तरिक लेखापरीक्षण कार्य समेत विश्वसनीय हुन नसक्दा महालेखा परीक्षकको कार्यालयले नियमितताको जाँच र परीक्षणमै आफ्नो बढी ध्यान केन्द्रीत गर्नु परेको छ ।

त्यसैले आन्तरिक नियन्त्रणका महत्वपूर्ण औजारहरु आन्तरिक जाँच, जोखिम पहिचान एवं निराकरण अनुगमन तथा मूल्यांकन, गुणस्तर नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण जस्ता कुराहरुलाई प्रभावकारी र नतिजामुखी बनाई सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र मितव्ययी बनाउन नेपाल सरकारका सम्बन्धित निकायहरुले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ । यसका लागि पेशागत ज्ञान, सिप र क्षमतायुक्त जनशक्तिको व्यवस्थापन, प्रभावकारी आन्तरिक लेखापरीक्षण र सुधारको लागि प्रतिबद्धता सहित जिम्मेवार पदाधिकारीहरु जवाफदेही हुनुपर्दछ ।

माननीय महालेखा परीक्षकज्यूको सन्देश



नेपालको महालेखा परीक्षकको जिम्मेवारी सम्हाले पश्चात् मुलुकी आर्थिक प्रशासन र वित्तिय व्यवस्थापनको बारेमा नजिकबाट नियाल्ने गर्ने अवसर प्राप्त भएको छ । वित्तिय व्यवस्थापन, आर्थिक प्रशासन, आर्थिक अनुशासन तथा विकास निर्माण र सेवा प्रवाह तथा सरकारी संयन्त्र, प्रणाली, प्रकृया र सार्वजनिक पदाधिकारीहरुको जिममेवारी निर्वाहमा धेरै सुधारको खाँचो रहेको अनुभूत भएको छ ।

महालेखा परीक्षकले सबै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठीत संस्था वा अन्य संस्थाको लेखा नेपालको संविधानले निर्दिष्ट गरेका सिद्धान्तहरु नियमितता, मिव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत विचार गरी लेखापरीक्षण गर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार प्रत्येक वर्ष महालेखापरीक्षकले लेखापरीक्षण ऐन २०४८, आर्थिक कार्यविधि ऐन २०५५ तथा अन्य प्रचलित ऐन तथा नियम र नीतिहरुको आधारमा लेखापरीक्षण गर्दै आएको छ ।

महालेखा परीक्षकलाई लेखापरीक्षण गरिने निकायहरु सबै वा केही इकाई छनौट गरी आर्थिक कारोबार वा सो सँग सम्बन्धित अन्य कृयाकलापहरुको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरीका क्षेत्र र अवधी तोकी त्यसवाट प्राप्त भएका तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ ।

यस आर्थिक बर्षमा सबै सरकारी कार्यलय र सार्वजनिक प्रतिष्ठान सहित करीव पाँच हजार पाँच सय इकाइको लेखापरीक्षण गरिने संख्या आंकलन गरिएको छ । सोही अनुसार श्रावणको १५ गते देखि नै चरणबद्धरुपमा लेखापरीक्षणको कार्य थालनी भई सकेको छ । एक आर्थिक वर्षको करीब छ महिनाको अवधीमा सिमित श्रोत र साधन परिचालन गरी छोटो समयमा यति धेरै निकायहरुको लेखापरीक्षण सम्पन्न गरी तथ्यहरु दर्शाउन तथा प्रतिवेदन तयार गर्ने कार्य निकै नै चूनौतीपूर्ण छ । यस आर्थिक बर्षमा विगतमा महालेखापरीक्षकको लेखापरीक्षणको दायरामा नरहेको स्थानीय तहको समेत जिम्मेवारी थप भएको छ । जुन महालेखापरीक्षकको कार्यालयका लागि लेखापरीक्षणको नयाँ क्षेत्र भएको छ ।

विश्वमा प्रतिपादित लेखापरीक्षणका नविनतम सिद्धान्त तथा मान्यताहरु र नेपालको लेखापरीक्षण ऐन २०४८ को व्यवस्था अनुरुपको तरीका तथा विगतमा महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणको सन्दर्भमा अंगालेको अभ्यास समेतका आधारमा वर्तमान लेखापरीक्षणको सिद्धान्त जोखिमा आधारित नै हो । तर हाल सरकारी निकायहरुको आन्तरिक नियन्त्रण प्रणालीको स्थिति, आन्तरिक लेखापरीक्षणको अवस्था, जिम्मेवार पदाधिकारीहरुमा जवाफदेहिता बहनको स्तर, विगतमा महालेखापरीक्षकले औल्याएका व्यहोरा तथा सुझावहरुको कार्यान्वयनको अवस्था मूल्यांकन गर्दा कुनै पनि क्षेत्र जोखिम रहित भनि आश्वस्त हुन सकिने अवस्था रहेन ।

त्यसैले यस वर्ष सबै ईकाइको पूर्ण लेखापरीक्षण गर्ने नीति अख्तियार गरिएको छ । यो नीति आफैमा बढी श्रोत साधन र समय लाग्ने छ । तर विगतका जोखिम रहित भनी छोडिएका निकायहरु जोखिमपूर्ण देखिनु, बीच बीचमा छडके गरी परीक्षण गर्दा परीक्षण गरिएका र नगरिएका दुवै विषयहरु जोखिमपूर्ण रहेको प्रमाणित हुनु र कतिपय अवस्थामा लेखापरीक्षकहरुले जोखिम रहित ठानी प्रमाणित गरिएका अर्थिक विवरणहरु र सामान्य परीक्षणबाट छोडिएका विषयहरु पछि जोखिमपूर्ण ठहरिई लेखापरीक्षकहरु

क्रमशः पृष्ठ ४ मा

महालेखा परीक्षक र संयुक्त अधिराज्यका नियन्त्रक एवं महालेखा परीक्षक बीच भेटघाट

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालले २०७४।५।१८ देखी २५ सम्म मित्रराष्ट्र संयुक्त अधिराज्यको भ्रमण सम्पन्न गर्नुभयो । उक्त भ्रमणका क्रममा २०७४।५।२३ गते संयुक्त अधिराज्य बेलायतका नियन्त्रक एवं महालेखा परीक्षक Sir Amays Morse सँग नेशनल अडिट अफिसमा भेटघाट गर्नुभयो ।



माननीय महालेखा परीक्षकज्यू र संयुक्त अधिराज्यका नियन्त्रक एवं महालेखा परीक्षक

सो क्रममा नेपालका तर्फबाट नायव महालेखा परीक्षक श्री महेश्वर काफ्ले, निर्देशक श्री नेत्रप्रसाद पौडेल, संयुक्त अधिराज्यको लण्डन स्थित नेपाली नियोगका उपप्रमुख श्री शरदराज आरण र एटैची अफिसर तेजेन्द्र रेग्मीको उपस्थिति थियो भने नेशनल अडिट अफिसको तर्फबाट Executive Leader Mr. John Torphe, Audit Manager Ms. Linda Mills / Mr. Bob Shalmber तथा Director Ms. Carol Norman उपस्थिति हुनुभएको थियो ।

कार्यक्रममा नेशनल अडिट अफिसको तर्फबाट विभिन्न ३ विषयहरु Challenges faced by the UK NAO, NAO financial audit methodology, Financial oversight/relation with PAC विषयमा कार्यपत्र पेश गरिएको थियो ।


सो अवसरमा संयुक्त अधिराज्यका नियन्त्रक एवं महालेखा परीक्षकले नेशनल अडिट अफिसले Value for Money Audit लाई प्राथमिकता दिएको, लेखापरीक्षणबाट देखिएका महत्वपूर्ण विषयहरु बारे सम्बन्धित पदाधिकारीहरुसँग तत्काल छलफल गर्ने गरेको बताउनु भएको थियो । साथै कार्यालयले आयोजना लेखापरीक्षणसँगै वातावरणीय र फरेन्सिक लेखापरीक्षणलाई समेत महत्व दिई कार्य गर्दै आईरहेको बताउनु भयो ।

नेपालका तर्फबाट महालेखा परीक्षक टंकमणि शर्मा दंगालले नेपाल र संयुक्त अधिराज्य बिच दौत्य सम्बन्ध कायम भएको २०० बर्षमा भएका महत्वपूर्ण आपसी सहयोग क्षेत्रका बारेमा चर्चा गर्दै नेपालको लेखापरीक्षण संस्थाको विकासक्रम बारे प्रकाश पार्नुभएको थियो । सो क्रममा लेखापरीक्षण सम्बन्धी अभ्यास र अनुभवको आदान प्रदान गर्दै महालेखापरीक्षकको कार्यालय र नेशनल अडिट अफिस बिच आगामी दिनमा हुन सक्ने आपसी हित र सहयोगका विविध क्षेत्रहरुमा समेत छलफल गरिएको थियो ।

साथै महालेखा परीक्षक शर्माले अगामी अषाढ २०७५ मा नेपालको महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६० औं वर्षमा मनाउन लागिएको Diamond Jubilee का अवसरमा संयुक्त अधिराज्यका नियन्त्रक तथा महालेखा परीक्षक Sir Amays Morse लाई उपस्थितिका लागि निमन्त्रणा समेत गर्नु भएको छ ।



संयुक्त अधिराज्यको नेशनल अडिट अफिस लण्डनमा माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) सहित



माननीय महालेखा परीक्षकज्यू र संयुक्त अधिराज्यका नियन्त्रक एवं महालेखा परीक्षकसँग सामुहिक तस्वीर लिदै ।

ACCA इन्टरनेशनल कन्फरेन्समा महालेखा परीक्षकज्यूको सहभागिता

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल र नायव महालेखापरीक्षक श्री महेश्वर काफ्ले संयुक्त अधिराज्यको लण्डनमा २०१७ अक्टोबर ५ र ६ मा The Association of Chartered Certified Accountants (ACCA) ले आयोजना गरेको ACCA International Conference on regulation विषयक कार्यक्रममा सहभागि हुनुभयो । सो कार्यक्रममा म्यान्मारका संघीय महालेखापरीक्षक Prof. MAW Than, इन्डोनेसियाका अर्थ–उपमन्त्री Prof. Mardiasmo AK सहित विभिन्न १० देशका २६ प्रतिनिधिहरु र ACCA का विभिन्न देशका प्रतिनिधिहरु समेत गरी ४० जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा Regulatory framework, Licensing, Qualities and accreditation, quality assurance, Regulatory governance, Public interest oversight, Financial statement review, Oversight board and other regulators and role of government लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रमको समापन पश्चात् महालेखा परीक्षकज्यू र ACCA का कार्यकारी निर्देशक हेलेन ब्रान्ड बिच छुट्टै भेटघाट भएको थियो । सो भेटका अवसरमा पेशागत जनशक्ति उत्पादन र उपलब्ध जनशक्तिको क्षमता विकासमा ACCA ले पुऱ्याउन सक्ने सहयोग, ACCA professional हरुको Mutual Recognition लगायत आपसी हितका अन्य विषयहरुमा समेत छलफल भएको थियो ।



ACCA International Conference on regulation विषयक कार्यक्रममा महालेखा परीक्षक सहित विभिन्न देशका सहभागी प्रतिनिधिहरु

माननीय महालेखा परीक्षकज्यूको .....

नै अनुसन्धानको दायरामा परेको कटु अनुभवको आधारमा यो नीति लिन बाध्य हुनु परेको अवस्था छ ।

विद्यमान कानूनी व्यवस्थाको कुरा गर्दा आर्थिक कार्यविधि ऐनमा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थाले जुनसुकै तहका कार्यालय भए पनि महालेखापरीक्षकको कार्यालयबाट अनिवार्य लेखापरीक्षण गराउनु पर्ने बाध्यात्मक अवस्था रहेको छ । विश्वका धेरै मुलुकमा सार्वजनिक क्षेत्रका निकायहरुको नियन्त्रक र नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्ने व्यवस्था व्यवस्था छ । मैले यसै महिना संयुक्त अधिराज्य बेलायतको नेशनल अडिट अफिसको भ्रमण गरी नियन्त्रक एवं महालेखा परीक्षकसँग भेटघाट गरेको थिए । त्यँहा खर्च गर्ने धेरै निकाय भए पनि नियन्त्रक तथा महालेखापरीक्षकले करीव चार सय इकाइको मात्र आर्थिक विवरण प्रमाणित गरी ती निकायका प्रमुखलाई नै पूर्ण जिम्मेवार बनाउने व्यवस्था रहेको पाएको छु । हाम्रो सन्दर्भमा समेत आर्थिक कार्यविधि ऐन २०५५ ले सचिवलाई लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी तोकेको छ ।

जसलाई आफनो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने ,बार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेटको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी समेतको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, मिन्हा गर्ने गराउने कर्तव्य तोकिएको छ । यो व्यवस्था अनुसार मन्त्रालयको सचिव नियन्त्रक र अन्तगर्तका नियकायहरु नियन्त्रित निकाय अन्तर्गत राखेको भएपनि व्यवहारमा भने यो व्यवस्था प्रभावकारी हुन सकेको छैन ।

नेपालको संविधान लागू भए पश्चात् नेपालको शासकीय स्वरुप संघीय संरचनामा आधारित रहेको छ । राज्यको शासकीय स्वरुप अनुरुप महालेखा परीक्षकको संगठन संरचना समेत परिमार्जनको प्रकृयामा रहेको छ । अब नेपालको सरकारी लेखापरीक्षणको तरीका समेत परिमार्जन गर्न जरुरी देखिएको छ ।

अब लेखापरीक्षण गरिने स्थानीय तहको संख्या एकीन भई सकेको छ भने यो विषय महालेखा परीक्षकको छ बर्षे कार्ययोजनामा समावेश गरि सकिएकोले संघ र प्रदेश तहका नियन्त्रक निकायहरु तोकी लेखापरीक्षण गरिने निकाय एकीकृत गरिनु पर्ने देखिएको छ ।

–टंकमणि शर्मा (दंगाल)
महालेखा परीक्षक

वर्ष १, अंक ४, २०७४ असोज (Year 1, Issue 4, Sep./Oct. 2017)

संयुक्त अधिराज्य स्थित नेपाली राजदुतावासको लेखापरीक्षण तथा निरीक्षण

संयुक्त अधिराज्य स्थित नेपाली राजदुतावासको आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण २०७४।६।१९ देखि २७ सम्ममा सम्पन्न गरिएको छ । नायव महालेखापरीक्षक श्री महेश्वर काफ्ले र निर्देशक श्री नेत्र पौडेलको उक्त लेखापरीक्षणमा सहभागिता रहेको थियो भने माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) बाट लेखापरीक्षणका क्रममा राजदुतावासको निरीक्षण समेत भएको थियो ।



संयुक्त अधिराज्य स्थित नेपाली राजदुतावासको निरीक्षणका क्रममा माननीय महालेखा परीक्षक र राजदूत सहितका पदाधिकारीहरु

सो क्रममा माननीय महालेखा परीक्षकज्यूले राजदुतावासको कार्य प्रक्रिया जानकारी लिई सेवा प्रवाह र लेखापरीक्षणबाट औंल्याईएका व्यहोराहरु उपर ध्यान आकृष्ट गराउँदै नेपाल तथा बेलायत बीचको दिपक्षीय सम्बन्ध बिस्तार र आर्थिक कुटनीतिका क्षेत्रमा दुतवासले सक्रियता बढाउदैं जानुपर्ने कुरामा जोड दिनु भएको थियो ।

लेखापरीक्षण पश्चात् महालेखा परीक्षकज्यूको समुपस्थितमा लेखापरीक्षण टोली र महामहिम राजदुत श्री दुर्गा बहादुर सुवेदी लगायत राजदुतावासका कर्मचारीहरु बीच छलफल भएको थियो । छलफलमा राजदुत श्री दुर्गा बहादुर सुवेदीले नेपाली राजदुतावासबाट सम्पादन गरिएका कार्य र सेवा प्रवाह बारे प्रकाश पार्नु भएको थियो भने नायव महालेखा परीक्षक श्री महेश्वर काफ्लेले लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु बारे जानकारी गराउनु भएको थियो ।



नेपाली राजदुतावासमा उपस्थित महानुभावहरुसँग सामूहिक तस्वीर लिदैं माननीय महालेखापरीक्षकज्यू

Due Consider in Audit



निर्देशक श्री रमेश ढकाल

Matching एवं Dual Concept, सधै बुझ्नु पर्छ ।
Measurement र Quality लाई, ध्यान दिनु पर्छ ॥
Knowledge लिई Business को, जोखिम चिन्नु पर्छ ।
डेविट–क्रेडिट सिद्धान्तमा, बाटो हिड्नु पर्छ ॥

Realize Concept मा, Value चिन्नु पर्छ ।
Method-Rule र Techniques भित्र, युद्ध सिक्नु पर्छ ॥
Trend र Event बुझिकन, पाईला चाल्नु पर्छ ।
Standard र Assumption को, राँको बाल्नु पर्छ ॥

Logical बाटो रोजी, issues चिन्नु पर्छ ।
सम्पुष्टि र प्रमाण भित्र, सार खिच्नु पर्छ ॥
द्रुतगामी प्रयासमा, असल बन्छ पेशा ।
दायित्वमा सुधार आई, बन्छ रेशा रेशा ॥

जटिलतालाई निचोरेर, भाव खोज्नु पर्छ ।
Quality लाई ध्यान दिई, सार रोज्नु पर्छ ॥
असल पेशा तब हुन्छ, ज्ञान खोज्नु पर्छ ।
अर्थ वित्त सफा राख्न, कोशिस गर्नुपर्छ ॥

खानेपानी तथा सरसफाई मन्त्रालयका सचिवलाई निर्देशन

२०७४ असोज ६, माननीय महालेखा परीक्षकज्यूबाट नेपाल खानेपानी संस्थानको बक्यौता रहेको लेखापरीक्षण २०७४ भाद्र मसान्तसम्म सम्पन्न गर्न ०७४ श्रावण २७ मा संस्थानका अध्यक्ष तथा कायम मुकायम महाप्रबन्धक लगायत जिम्मेवार पदाधिकारीलाई निर्देशन भएको थियो ।

आर्थिक बर्ष २०६९/७० देखि २०७३/७४ सम्मको लेखापरीक्षण गराउन पटक पटक निर्देशन दिएता पनि लेखा र वित्तीय विवरण लेखापरीक्षकहरु समक्ष पेश नगरेकाले लेखापरीक्षणमा बाधा पुगेको हुँदा संस्थानका जिम्मेवार पदाधिकारीलाई संस्थान ऐन, २०२१, आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ लगायत प्रचलित कानुनबमोजिम कारबाही गरी ७ दिनभित्र जानकारी उपलब्ध गराउन खानेपानी तथा सरसफाई मन्त्रालयका सचिवलाई निर्देशन दिइएको छ ।

हरित समूहको १९ औं बार्षिकोत्सव सम्पन्न

महालेखा परीक्षकको कार्यालयमा कार्यरत कर्मचारीहरुको साझा संस्थाको रुपमा रहेको हरित समूहको मिति २०७४ साल असोज ३० गते १९ औं बार्षिक साधारण सभाको माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ज्यूले उद्घाटन गर्नुभयो । उक्त कार्यक्रममा उप-महालेखा परीक्षक, नायब महालेखा परीक्षक लगायते कार्यालयका कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।२०५४ सालमा स्थापना भएको समूहले आफ्ना सदस्यहरुको आपसी हितका विविध कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यस अवसरमा समूहले गत वर्षहरुमा झै विविध कार्यक्रमहरु सम्पन्न गरेको छ ।

समूहका अध्यक्ष श्री बाबुराम गौतम अध्यक्षतामा भएको साधारण सभाले समूहको आर्थिक वर्ष २०७२/७३ र २०७३/७४ को आय व्यय हिसाब तथा वित्तिय प्रतिवेदन अनुमोदन गर्नुका साथै आर्थिक वर्ष २०७४/७५ को प्रस्तावित बजेट तथा कार्यक्रम समेत पारित गरेको छ ।

कार्य समिति सदस्य श्री विमल पौडेलले स्वागत मन्तव्य दिनु भएको कार्यक्रममा २०७३ सालको माध्यमिक शिक्षा परीक्षा (एस.इ.ई.)मा उत्कृष्ट अंक ल्याउने सदस्यका १४ जना सन्ततिहरुलाई समूहका संरक्षक महालेखा परीक्षकबाट कदर पत्र र उपहार प्रदान गरिएको थियो भने समूहका अवकास प्राप्त २३ जना सदस्यहरुलाई सम्मान गरिएको थियो ।

त्यसैगरी दिपावली २०७४ को अवसरमा समूहले रमाइलो तिहार कार्यक्रमको समेत आयोजना गरेको थियो । उक्त अवसरमा हरित समूहको संरक्षक तथा महालेखा परीक्षकले आफ्नो मन्तव्य राख्दै हरित समूहले आफ्ना सदस्य कर्मचारीहरुको हितका लागि गरेको कार्यहरुको प्रशंसा गर्दै संस्थाको निरन्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।



१. हरित समूहको १९ औं साधारण सभामा सहभागी हुँदै महालेखा परीक्षक सहितका पदाधिकारीहरु ।
२. अवकास प्राप्त कर्मचारीलाई महालेखा परीक्षकज्यूले सम्मान गर्नुहुँदै ।
३. SEE उर्तिण कर्मचारीका सन्ततीलाई महालेखा परीक्षकज्यूले सम्मान गर्नुहुँदै ।
४. रमाइलो तिहार कार्यक्रम अन्तर्गत संचालित चिठ्ठा कार्यक्रममा प्रथम पुरस्कार प्राप्त गर्ने उप-महालेखा परीक्षक श्री बाबुराम गौतमलाई महालेखा परीक्षकज्यूले पुरस्कार प्रदान गर्नुहुँदै ।

वर्ष १, अंक ४, २०७४ असोज (Year 1, Issue 4, Sep./Oct. 2017)

प्रथम चरणमा लेखापरीक्षण सम्पन्न गरेको लेखापरीक्षक टोलीसँग अन्तरक्रिया

२३ असोज २०७४, उप-महालेखा परीक्षक श्री मोहदत्त तिमिल्सिना र अन्य पदाधिकारीहरु आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखापरीक्षणको सम्बन्धमा प्रथम चरणमा स्थलगत लेखापरीक्षण सम्पन्न भएका १० जिल्लाहरु जुम्ला, हुम्ला, डोल्पा, मुगु, कालिकोट, बजाङ्ग, बाजुरा, मनाङ, मुस्ताङ र सोलुखुम्बुमा खटिएका लेखापरीक्षण टोली बिच छलफल सम्पन्न भयो ।

उक्त छलफलका क्रममा लेखापरीक्षणमा संलग्न कर्मचारीहरुले लेखापरीक्षणको क्रममा देखिएका विविध व्यहोराहरु तथा परेका समस्यहरु बारे जानकारी गराएका थिए । लेखापरीक्षणका क्रममा विद्यालयको भौतिक निर्माण, दोहोरो तलब भत्ता निकास, एक कार्यालयको खर्च अर्को कार्यालयमा जनाउने प्रवृत्ती, सामाजिक सुरक्षा भत्ता वितरण, खरिद व्यवस्थापन, उपभोक्ता समुह मार्फत हुने निर्माण कार्य लगायत विषय जोखिमका रुपमा रहेकाले बाँकी जिल्लाको लेखापरीक्षणमा त्यहाँ केन्द्रीत हुनुपर्ने विषयका छलफल भएको थियो ।

सो क्रममा १० जिल्लाको स्थानीय तह समेत ४१६ सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत गरी जम्मा रु.३२ अर्ब ३७ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

उक्त अवसरमा उप-महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिनाले लेखापरीक्षणको क्रममा देखिएका उल्लेखित जोखिमलाई ध्यान दिई लेखापरीक्षणका क्रममा सुक्ष्म परीक्षण गर्न निर्देशन दिनुभयो ।



लेखापरीक्षण सम्पन्न गरेका लेखापरीक्षण टोलीसँग अन्तरक्रिया गर्दै

SAI PMF: A Global Tool to Measure SAI Performance


- Chandra Kanta Bhandari, FCA, CPFA
Director, HRD and International Relations

Supreme Audit Institutions Performance Measurement Framework (SAI PMF) is a holistic and global performance measurement tool specifically applicable to the Supreme Audit Institutions. This framework was endorsed by the XXII INTOSAI Congress held in December 2016 in Abu Dhabi.

SAI PMF is a tool for measuring performance of an individual, system or organization against an agreed performance scale accommodating local circumstances. The result of the measurement is produced as performance report objective of which is to enable for better management of performance, monitoring over time, evaluation of status and lessons learned and ultimately contributing to understand and improve the performance. The tool is voluntary in nature, however SAIs are encouraged to use this tool to increase its wider acceptability in SAI community and enhance

the credibility of the tool. The SAI of South Africa, Chair of INTOSAI Capacity Building Committee, is a governance lead of SAI PMF while SAI PMF Unit in INTOSAI Development Initiative (IDI) leads in operational front.

The SAI PMF Report is practically used for various purposes which include strategic planning, demonstrate value and benefits to wider range of stakeholders develop a reform action plan, design donor funded projects, monitoring its progresses, and inform ISSAI implementation. The Framework in diagram looks as below:



The SAI PMF consists of six domains, numbered A - F, and these are broken down into 25 Indicators. Indicators are further broken down into two to four dimensions which are scored based on several relevant criteria. As mentioned before, the assessment is holistic, so it measures with indicators both the internal processes of the SAI, as well as its independence and legal framework, which is external to it. By analysing the indicator scores in light of the SAI's country context, governance and PFM environment, assessors can identify the SAI's Value and Benefits to the lives of citizens, as set out by ISSAI 12. This is done in the qualitative part of the report.

As we can see that inside the dotted line, there are five domains. These are inside the dotted line because they are largely within the SAI's control. Here we find indicators related to the SAI's core audit activities as well as the SAI's organisational systems and processes. Indicators also measure the results in terms of SAI outputs, that is audit coverage, timeliness of reporting, etc. Supporting activities like financial management, human resource management and communications and stakeholder management are also covered.

To the left, outside the dotted line, Domain A looks at the SAI's institutional capacity, in measuring its independence and mandates which is outside the SAI's control, and thus placed outside the dotted line, but it is fundamental for the SAI's performance in other areas, and therefore included in the framework.

The Office of the Auditor General of Nepal is the one of the SAI using the pilot version of framework to use in peer review conducted by the SAI of India in 2014. Nepal is the first to make its peer review report public. The Strategic Plan of the SAI Nepal 2016-20 and Six Years' Action Plan 2074-80 of the Auditor General recognises the importance of the tool and intends to use this tool to measure its performance.

वर्ष १, अंक ४, २०७४ असोज (Year 1, Issue 4, Sep./Oct. 2017)

बेलायतको सर्वोच्च लेखापरीक्षण संस्था: नेशनल अडिट अफिस

* महेश्वर काफ्ले, नायव महालेखापरीक्षक



बेलायतको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा नेशनल अडिट अफिस स्थापना गरिएको छ । नेशनल अडिट अफिसको प्रमुखको रुपमा नियन्त्रक एवं महालेखा परीक्षक रहने व्यवस्था छ । नियन्त्रक एवं महालेखा परीक्षक संसदको अफिसरको रुपमा रहने व्यवस्था छ । सार्वजनिक लेखा समिति र संसदको सहमति र प्रधानमन्त्रीको सिफारिसमा वेलायतकी महारानीबाट नियुक्त हुने नियन्त्रक एवं महालेखा परीक्षकको पदावधी नतोकिएकोले निजको ईच्छा बमोजिम पदमा कार्यरत रहन सक्ने व्यवस्था भएपनि निश्चित अवधि पछि स्वेच्छाले पद छाड्ने परम्परा रहेको छ । नेशनल अडिट अफिसको संगठन संरचना अनुसार नियन्त्रक एवं महालेखा परीक्षक अर्न्तगत रहेका ७ विभागको नेतृत्व Executive Leader ले गर्ने र सो ७ विभागमध्ये ३ ले वित्तिय लेखापरीक्षण, ३ ले कार्यमूलक र १ ले अनुसन्धान तथा सूचना प्रविधि लेखापरीक्षणको कार्य गर्ने व्यवस्था मिलाएको छ ।

नियन्त्रक एवं महालेखा परीक्षकको मुख्य २ भुमिका नियन्त्रण र परीक्षणमा बढी भूमिका निर्वाह गर्ने गरेको छ । नियन्त्रणकारी भुमिका अर्न्तगत लेखा राख्ने, वित्तिय प्रतिवेदन तयार गर्ने, हिसाब तयार गर्ने आदी कार्य जिम्मेवारी रहेको र सो कार्यका लागि ट्रेजरी विभाग स्थापना गरेको छ भने परीक्षण गर्ने भुमिका अर्न्तगत संसदबाट पारित बजेट उद्देश्यमूलक तवरबाट खर्च भयो कि भएन, लेखा राम्रोसंग राखियो कि राखिएन, वित्तिय विवरणको शुद्धता छ कि छैन, सरकारी निकायबाट दक्षतापूर्वक सेवा प्रवाह भएको छ कि छैन आदि पक्षमा केन्द्रित रही परीक्षण गरी प्रतिवेदन गर्ने जिम्मेवारी रहेको छ । नेशनल अडिट अफिसले स्वतन्त्र रुपमा आफ्नो कार्य सम्पादन गरी संसद समक्ष प्रतिवेदन पेश गर्ने भएकोले सरकारी निकायको जवाफदेहिता प्रर्वद्धनमा सघाउ पुऱ्याउँदछ ।


नियन्त्रक एवं महालेखा परीक्षकको स्वतन्त्रतालाई बेलायतको लेखापरीक्षण सम्बन्धी कानूनले स्पष्ट गरेको छ । व्यवस्थापकिय एवं प्रशासकिय स्वतन्त्रता अर्न्तगत नियन्त्रक एवं महालेखा परीक्षकको नियुक्तिका लागि सार्वजनिक लेखा समिति र संसदको सहमति आवश्यक पर्ने, असिमित कार्य अवधि भएको, राज्यको स्रोत साधन माथी नियन्त्रणकारी अधिकार रहेको, काम कर्तव्यको पालनामा भएको कार्यको बचाउ हुने, संसदको अफिसरको रुपमा कार्य गर्ने, पारिश्रमिक संचित कोषबाट व्यय हुने, पारिश्रमिक एवं सेवाका शर्त र सुविधाहरु ऐनद्वारा व्यवस्थित हुने, संसदप्रति उत्तरदायी हुने, सेवाबाट हटाउनु परेमा संसदबाट महाअभियोग लगाउनु पर्ने, नेशनल अडिट अफिसका कर्मचारीहरु छुट्टै सेवाद्धारा गठन भई नियन्त्रक एवं महालेखा परीक्षकले संचालन गर्ने आदि व्यवस्थाले बेलायतको नियन्त्रक एवं महालेखा परीक्षकले स्वतन्त्रतापूर्वक कार्य गर्न पाउने स्थिति रहेको छ ।

वित्तिय स्वतन्त्रता अर्न्तगत नेशनल अडिट अफिसको कार्यक्रम तथा बजेट नियन्त्रक एवं महालेखा परीक्षकले सार्वजनिक लेखा समितिमा पेश गर्ने, समितिले कार्यक्रम तथा बजेट स्वीकृतिका लागि संसद समक्ष सिफारिस गर्ने र संसदबाट निर्धारण हुने व्यवस्था छ भने नेशनल अडिट अफिसको लेखापरीक्षक सार्वजनिक लेखा समितिबाट नियुक्ति लेखापरिक्षकबाट हुने व्यवस्था रहेको छ ।

त्यस्तै प्रतिवेदन स्वतन्त्रता अर्न्तगत केन्द्रीय सरकारी कार्यालय, अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थान र सरकारको राजस्व आम्दानीको स्वतन्त्रतापूर्वक लेखापरीक्षण गरी वित्तिय विवरणको प्रमाणीकरण गरी राय सहितको प्रतिवेदन र व्यवस्थापकीय सुधारका लागि व्यवस्थापन पत्र जारी गर्न नेशनल अडिट अफिस स्वतन्त्र रहेको छ ।

विद्यमान ऐन कानूनबाट प्रदत्त अधिकारको प्रयोग गरी स्वतन्त्रतापूर्वक कार्य गर्ने भएकोले नेशनल अडिट अफिसको मूल्य र मान्यता (Value and Benefit) समेत उच्च रहेको छ । सरकारी कार्यालयहरुको नियमितता तथा मूल्यको सार्थक परिमाण प्राप्ती (Value for Money) को स्वतन्त्रतापूर्वक गरेको परीक्षण, मूल्यांकन र प्रतिवेदनका माध्यमबाट सरकारी कार्यालयहरुको जवाफदेहिता प्रर्बद्धन हुने विश्वास गरेको पाईन्छ । यस्तो जवाफदेहिता प्रर्बद्धनमा नेशनल अडिट अफिसको भूमिकालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ:

जवाफदेहिता प्रर्बद्धन फ्रेमवर्क



उर्पयुक्त बमोजिमको फ्रेमवर्क अनुसार जवाफदेहिता प्रर्बद्धनमा सहयोग पुऱ्याउन नेशनल अडिट अफिसले आफ् नो गन्तव्य (Mission) र लक्ष्य (Goals) निर्धारण गरेको छ। जस अनुसार सरकारी स्रोत साधनको उचित र उद्देश्यमूलक उपयोग भएको छ भनी स्वतन्त्र रुपमा परीक्षण मार्फत संसदलाई आस्वस्तता गराउने र सरकारी निकायको वित्तिय व्यवस्थापनमा सधार ल्याउन सहयोग गर्ने (To provide independent assurance, information and advice to parliament on the proper accounting and use of public resource and to help clients to improve their financial management) गन्तव्य रहेको छ भने जोखिममा आधारित लेखापरीक्षणका माध्यमबाट संसदलाई सहज सेवा उपलब्ध गराउने, सरकारी निकायको मूल्य मान्यतामा अभिवृद्धि गर्ने, लेखापरीक्षणलाई प्रोत्साहन गर्ने तथा दक्षतापूर्वक कार्य व्यवस्थापन गर्ने (Risk based auditing providing better service to parliament, greater added value for the client, more rewarding audit, more effective approach) लक्ष्य निर्धारण गरेको छ ।

नियन्त्रक एवं महालेखा परीक्षकको लेखापरीक्षण क्षेत्राधिकार अर्न्तगत केन्द्रिय सरकार, अधिकांश स्वामित्व भएका संगठित संस्था र सरकारी आयरराजस्वको मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता पक्षबाट मूल्यांकन, जाँच, परीक्षण गर्ने र मूल्यको सार्थक परिमाण प्राप्ती (Value for Money) तथा कार्यसम्पादन स्थितिको सम्बन्धमा स्वतन्त्र प्रतिवेदन दिने अधिकार रहेको छ भने स्थानीय सरकार, वेल्स र स्कटल्याण्डको लेखापरीक्षण सम्बन्धमा छुट्टै व्यवस्था भएकोले नेशनल अडिट अफिसको क्षेत्राधिकार भित्र पर्दैन । स्थानीय सरकारको लेखापरीक्षण सम्बन्धमा Local Audit and Accountability Act 2014 ले व्यवस्था गरे अनुसार स्थानीय स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण हुने भएता पनि नियन्त्रक एवं महालेखा परीक्षक तथा नेशनल अडिट अफिसले स्थानीय सरकारको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा निर्देशन दिन सक्ने, लेखापरीक्षण प्रक्रिया र विधि निर्धारण गर्न सक्ने, आचार संहिता (Code of Audit Practice) जारी गर्ने, लेखापरीक्षकको जिम्वेवारी र जवाफदेहिता स्पष्ट गर्ने आदी कार्य गर्ने व्यवस्था छ ।

उर्पयुक्त बमोजिमको कार्य जिम्मेवारी पुरा गर्न नेसनल अडिट अफिसले लेखापरीक्षण कार्य प्रक्रिया निर्धारण गरेको छ । निर्धारित कार्य प्रक्रिया अनुसार जोखिममा आधारित लेखापरीक्षण कार्यलाई प्राथमिकता दिएको छ । जस अनुसार लेखापरीक्षण गर्ने निकायको जानकारी हासिल गर्ने, जोखिम विश्लेषण तथा मूल्यांकन गर्ने, लेखापरीक्षण विधि निर्धारण गर्ने र सो अनुसार लेखापरीक्षण कार्य व्यवस्थापन गर्ने रहेको छ । वित्तिय विवरणको परीक्षण गरी प्रमाणिकरण गर्ने र राय सहितको प्रतिवेदन तथा नियमितताको परीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा व्यवस्थापकीय सुधारका लागि प्रतिवेदन जारी गर्ने व्यवस्था छ ।

लेखापरीक्षण प्रक्रिया फ्रेमवर्क अर्न्तगत निकायको जानकारी अर्न्तगत निकायको आन्तरिक र बाह्य वातावरण, नियन्त्रण प्रणाली, कार्य प्रक्रियाको जानकारी हासिल गर्ने, जोखिम मूल्यांकन अर्न्तगत मूल्य (Value) परीवेश (Context) र प्रकृति (Nature) को विश्लेषण गर्ने, लेखापरीक्षण प्रक्रिया निर्धारण अर्न्तगत सारभूत परीक्षण एवं विश्लेषणात्मक परीक्षणको ढाँचा निर्धारण गर्ने, सारभूत विधि परीक्षण अर्न्तगत तेश्रो पक्ष कन्फरमेसन, महत्वपूर्ण तथा उच्च मूल्य वस्तुको परीक्षण, आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मुल्यांकन, प्रतिनिधिमूलक कारोबारको परीक्षण जस्ता कार्यहरु पर्दछन् । विश्लेषणात्मक विधि परीक्षण अर्न्तगत तुलना गर्ने, तथ्यांकीय प्रस्तुतीकरण र विश्लेषण जस्ता कार्यहरु गरिन्छ । यस्तो विश्लेषण परीक्षणबाट देखिएका व्यहोराहरुलाई लेखापरीक्षण राय सहितको प्रतिवेदन (Audit report with opnion) जारी गर्दछ ।

राय सहितको लेखापरीक्षण प्रतिवेदन मुख्यत: कैफियत रहित, कैफियत सहित, व्यक्त गर्न नसकिने र विपरित राय गरी ४ प्रकारको जारी गर्ने व्यवस्था छ भने व्यवस्थापनले सुधार गर्नुपर्ने विषयका सम्बन्धमा लेखापरीक्षण व्यहोरा, निश्कर्ष र सुझाव सहित व्यवस्थापन पत्र जारी गर्ने गर्दछ ।

नेशनल अडिट अफिसबाट जारी भएका लेखापरीक्षण प्रतिवेदनहरु संसदको सार्वजनिक लेखा समितिमा छलफल गर्ने व्यवस्था छ । यसरी छलफल गर्दा नियन्त्रक एवं महालेखा परीक्षक, नेशनल अडिट अफिसको प्रतिनिधि र सम्बन्धित कार्यालयको जिम्मेवार पदाधिकारीको समेत उपस्थित हुनु पर्ने, छलफलको प्रारम्भमा लेखापरीक्षकलाई सो प्रतिवेदनको सार औचित्य प्रकाश पार्न समय दिने, त्यसपछि सम्बन्धित निकायका पदाधिकारीलाई सोको बचाउ गर्न समय दिने, त्यसपछि दुवै तर्फको धारण बुझि सकेपछि समितिका पदाधिकारी बीच छलफल भई निर्णयमा पुग्ने व्यवस्था छ । सार्वजनिक लेखा समितिले निर्णय गरी दिएको सुझाव तथा निर्देशन सम्बन्धित सरकारी कार्यालयले पालना गर्नुपर्ने, सो पालना भयो कि भएन भनि नेशनल अडिट अफिसले अनुगमन गर्ने, सो अनुगमनको प्रतिवेदन समितिमा पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी वित्तीय जवाफदेहिता र आर्थिक अनुशासन कायम गर्ने विषयमा नेशनल अडिट अफिस र सार्वजनिक लेखा समिति बीच साझेदारी र सुमधुर सम्बन्ध रहेको छ ।

२०७४ असोज महिनामा सञ्चालित तालिममा सहभागी कर्मचारीहरू

सि.नं	कर्मचारीको नाम	पद	कार्यक्रमको नाम	तालिम दिने संस्था	अवधि
१	श्री अविन नौबाध	लेखापरीक्षण अधिक्षक	सार्वजनिक वित्तीय व्यवस्थापन	राजस्व प्रशासन तालिम केन्द्र	२०७४/०६/२२ -०८/०४
२	श्री शिला खनाल	लेखापरीक्षण अधिक्षक	सार्वजनिक वित्तीय व्यवस्थापन	राजस्व प्रशासन तालिम केन्द्र	२०७४/०६/२२ -०८/०४
३	श्री नन्द प्रसाद पाण्डे	लेखापरीक्षण निरिक्षक	सार्वजनिक वित्तीय व्यवस्थापन	राजस्व प्रशासन तालिम केन्द्र	२०७४/०६/२२ -०८/०४
४	श्री कान्छा तामाङ्ग	लेखापरीक्षण निरिक्षक	सार्वजनिक वित्तीय व्यवस्थापन	राजस्व प्रशासन तालिम केन्द्र	२०७४/०६/२२ -०८/०४

२०७४ असोज महिनामा वैदेशिक तालिम तथा कार्यक्रममा सहभागी कर्मचारीहरू

सि.नं	कर्मचारीको नाम	पद	कार्यक्रमको नाम	देश	अवधि
१	श्री रामुप्रसाद डोटेल	उप-महालेखापरीक्षक	Seminar on Public Administration For Ministerial Officials of Nepal	चीन	September 12- 25, 2017
२	श्री उद्धबचन्द्र श्रेष्ठ	नायव-महालेखापरीक्षक	नेपाली दुताबास तथा नियोगको लेखापरीक्षण गर्न	हङ्गकङ्ग, जापान, कोरिया र मलेसिया	October 6 - 31, 2017
३	श्री जीवनप्रसाद सुवेदी	नायव-महालेखापरीक्षक	नेपाल वायु सेवा निगमको लेखापरीक्षण गर्न	बैङ्लोर, भारत	2074/06/19 - 06/29
४	श्री महेश्वर काफ्ले	नायव-महालेखापरीक्षक	International Conference on Regulation of the Accountancy Profession	संयुक्त अधिराज्य बेलायत	October 3 - 12, 2017
५	श्री श्यामप्रसाद अर्याल	नायव-महालेखापरीक्षक	SAI PMF Training	फिलिपिन्स	October 16 - 19, 2017
६	श्री बैकुण्ठ अधिकारी	निर्देशक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	दुबई	2074/05/27 - 05/31
७	श्री नारायण एम.सी.	निर्देशक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	थाइल्याण्ड	September 11- 18, 2017
८	श्री नारायणप्रसाद पराजुली	निर्देशक	नेपाली दुताबास तथा नियोगको लेखापरीक्षण गर्न	हङ्गकङ्ग, जापान, कोरिया र मलेसिया	October 6 - 31, 2017
९	श्री चन्द्रकान्त भण्डारी	निर्देशक	SAI PMF Training Facilitator	फिलिपिन्स	October 16 - 19, 2017
			Draft Audit Plan Discussion Meeting on SAI Fighting Corruption(As a resource Person, All Cost borne by IDI)	थाईल्याण्ड	September 13 - 22, 2017
१०	श्री ललितबहादुर शाक्य	निर्देशक	Seminar on Budgeting and International Aid System for Nepal	चीन	August (21 Days)
११	श्री दिनेश मिश्र	निर्देशक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	हङ्गकङ्ग	2074/05/27 - 06/02
			पारवहन तथा गोदाम व्यवस्था कम्पनीको लेखापरीक्षण गर्न	कलकत्ता, भारत	2074/06/05 - 06/09
१२	श्री नेत्रप्रसाद पौडेल	निर्देशक	लण्डन स्थित नेपाली दुतावासको लेखापरीक्षण गर्न	संयुक्त अधिराज्य	October 3 - 12, 2017
१३	श्री श्यामप्रसाद भण्डारी	निर्देशक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	कतार	October11 - 18, 2017
१४	श्री प्रकाश खत्री	लेखापरीक्षण अधिकारी	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	थाइल्याण्ड	September 11- 18, 2017
१५	श्री सन्तोष सापकोटा	लेखापरीक्षण अधिकारी	(Facilitation Training)IDI-ASOSAI e-Learning Specialists certification Programme	थाईल्याण्ड	October 9 - 27, 2017
१६	श्री पिंकी कुमारी दास	लेखापरीक्षण अधिकारी	Seminar on Budgeting and International Aid System for Nepal	चीन	August (21 Days)
१७	श्री निषभ शाक्य	लेखापरीक्षण अधिकारी	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	कतार	October11 - 18, 2017
१८	श्री प्रितम बागदास	लेखापरीक्षण अधिकारी	गोदाम तथा पारवहन कार्यालयको लेखापरीक्षण गर्न	कलकत्ता, भारत	2074/06/05 - 06/09
			नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	बैङ्लोर, भारत	2074/06/19 - 06/29
१९	श्री शिलादेवी श्रेष्ठ	लेखापरीक्षण अधिक्षक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	दुबई	2074/05/27 -05/31
२०	श्री सरोज भट्टराई	लेखापरीक्षण अधिक्षक	नेपाल वायुसेवा निगमको लेखापरीक्षण गर्न	हङ्गकङ्ग	2074/05/27 - 06/02

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं. १९८३
मंसिर १०

स्वर्गारोहण :
वि.सं. २०७४
आश्विन १०

स्व. डिल्लीप्रसाद नेपाल

यस कार्यालयका उप-महालेखापरीक्षक श्री ईश्वर नेपालका पुजनीय पिता स्व. डिल्लीप्रसाद नेपालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पुर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपुर्ण समवेदना प्रकट गर्दछौ र यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्रथना गर्दछौ ।

महालेखा परीक्षक टंकमणि शर्मा (ढुंगाल)
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं. १९८८
भाद्र २५

स्वर्गारोहण :
वि.सं. २०७४
आश्विन १४

स्व. महानन्द निरौला

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री हिरामणि निरौलाका पुजनीय पिता स्व. महानन्द निरौलाको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पुर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपुर्ण समवेदना प्रकट गर्दछौ र यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्रथना गर्दछौ ।

महालेखा परीक्षक टंकमणि शर्मा (ढुंगाल)
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौँ

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोकेबमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७४ कार्तिक ६ देखि दैलेख, सुर्खेत, जाजरकोट, रुकुम, रोल्पा, प्युठान, सल्यान, गुल्मी, अर्घाखाँची, पाल्पा, पर्वत, वाग्लुङ्ग, म्याग्दी, कास्की, स्याङ्गजा, लम्जुङ्ग, तनहुँ, गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपालचोक, दोलखा, रामेछाप, सिन्धुली, उदयपुर ओखालढुंगा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, पाँचथर र इलाम जिल्ला लगायत ३४ जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटाइएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न सकिने हुँदा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।

उल्लेखित ३४ जिल्लामा खटिने कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल यस कार्यालयको बेभसाइटमा समेत राखिएको छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासो भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण सम्पन्न गराउने कार्यमा सहयोग पुऱ्याउन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना:-
महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौँ ।
पोष्ट बक्स नं. १३३२८
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल: oagnep@ntc.net.np, info@oag.gov.np
वेभसाइट: www.oagnep.gov.np
कार्यालयको उजुरी पेटिका
सम्बन्धित जिल्लास्थित लेखापरीक्षण डोर मुकाम ।